नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग

मिति २०७७।४।१

पत्र संख्या :
च. नं. :

## प्रेस विज्ञप्ती

आगामी २०७७ श्रावण ४ गते बेलुका देखि श्रावण ७ गते सम्म मनसुन न्यून चापिय रेखा नेपालको तराई भू-भागको नजिक आउने सम्भावना रहेकोले उक्त ३ - ४ दिन नेपालमा मनसुन सक्रिय भै देशका धेरैजसो स्थानहरुमा हल्का देखि मध्यम बर्षा र केहि स्थानहरुमा भारी बर्षा हुने सम्भावना रहेको छ। प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश तथा प्रदेश ५ का केहि स्थानहरुमा र सुदुर पश्चिम तथा कर्णाली प्रदेशका थोरै स्थानहरुमा भारी बर्षा तथा एक दुई स्थानमा अति भारी बर्षा भई बाढि पहिरोको समेत जोखिम हुन सक्ने संभावना रहेको छ।

विशेष गरि, यही श्रावण ५ देखि ८ गते सम्म_ प्रदेश १ र २ तथा बागमती र गण्डकी प्रदेशका क्रमशः कन्काई, तमोर, सुनकोशी, ससकोशी, कमला, बाग्मती, बुढीगण्डकी, सेतीगण्डकी, मर्स्याङ्दी, कालीगण्डकी तथा तिनका सहायक नदीहरुको जलसतह उल्लेख्य बढ्ने तथा केहिमा सतर्कता तह पार गर्ने सम्भावना रहेको छ। साथै, यी प्रदेशहरुका मध्य पहाडी, चुरे तथा तराई भई बहने स-साना नदीनालाहरूमा श्रावण ९ गते सम्म पनि आकस्मिक बहाव हुने सम्भावना रहेकोले आवश्यक पूर्वतयारी तथा विशेष सतर्कता अपनाउन हुन अनुरोध छ।

यसै गरी, श्रावण ५ देखि ७ गते सम्म प्रदेश नं. ५ को तिनाउ, पश्चिम राप्ती तथा बबई नदी र यस्का सहायक नदी तथा कर्णाली प्रदेशको भेरी, पश्चिम सेती नदी र यस्का सहायक नदीहरुमा समेत बहाव बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने सम्भावना रहेको छ। प्रदेश ५ र सूदूर पश्चिम प्रदेशका मध्य पहाडी, चुरे र तराईबाट बहने एक दुई स-साना नदिनालामा आकस्मिक बहाव हुने सम्भावना देखिएको हुँदा उल्लेखित प्रदेशहरूमा सो अवधिभर नदी तटिय क्षेत्रमा सावधानी अपनाउन अनुरोध छ ।

विभागले मौसम र बाढी सम्बन्धी सूचना तथा बुलेटिन दैनिक रुपमा वेबपेजहरु (www.mfd.gov.np, www.hydrology.gov.np), सामाजिक संजालहरु (www.facebook.com/dhmweather, www.facebook.com/FlowForecasting/), Nepal Flood Alert तथा Nepal weather forecast नामक twitter page मार्फत गर्दै आएको व्यहोरा जानकारी गराउँदछौं। तसर्थ, आफ्नो क्षेत्रको मौसम र बाढीको अवस्था बारे जानकार रहन विभागको दैनिक मौसम तथा बाढी बुलेटिन हेर्नहुन, मोवाईल एस.एम.एस. खबरबाट अद्यावधिक रहन हुन र जनधन क्षति हुनबाट बच्न बेलैमा सुरक्षित उपाय अपनाई सचेत रहन अनुरोध छ । सो सम्बन्धी थप जिज्ञासा भएमा मौसमका लागि ४११३१९१ र बाढीका लागि टोल फ्रि नं. ११५५ मा सिधै सम्पर्क गर्न अनुरोध छ।

प्रवक्ता

डा. अर्चना श्रेष्ठ
बरिष्ठ मौसम विद्

बबरमहल, काठमाडौं ☎ ०१४२११०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१, फ्याक्स: ०१४२६४२११, पो.ब.नं. ४०६
ईमेल: info@dhm.gov.np, वेब: www.dhm.gov.np